नेपाल सरकार

भूमि सम्बन्धी समस्या समाधान आयोग

ताहाचल, काठमाडौँ

चिनारी-पुस्तिका

परिचय

संविधानको मर्म र भावना अनुसार सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको नीति रहेको छ । लोक कल्याणकारी राज्यले आफ्नो क्षमतानुसार नागरिक आवश्यकता र अपेक्षाको संबोधन गर्ने क्रममा विभिन्न नीति एवं कार्यक्रमहरु अवलम्बन गर्दै गएको हुन्छ । राज्यले विद्यमान संविधानमा आवास, रोजगारी एवं खाद्य संप्रभुताको प्रत्याभूति गर्दै मौलिक हकहरुको व्यवस्था गरेको छ । त्यसै गरी आवासको हकलाई पनि मौलिक हकको रुपमा राखेकोले आवासका लागि जग्गाको अपरिहार्यता हुन्छ । त्यसैगरी भूमिहीन दलितलाई कानून बमोजिम राज्यले एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ भन्ने संवैधानिक व्यवस्था भए बमोजिम नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ ख. बमोजिम भूमिहीन दलित एवं सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने एवं ऐनको दफा ५२ ग. बमोजिम अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने उद्देश्यले " भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७६ " को गठन गरेको छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी लगायतको सामाजिक न्याय र जीवनस्तर सुधारका लागि भूमिको समन्यायिक वितरण र दिगो व्यवस्थापन जरुरी छ । भूमि नागरिकको खाना, आवास र स्वतन्त्रता जस्ता मौलिक अधिकार

प्राप्त गर्ने सुनिश्चितताको आधार हो । भुईं तहका नागरिकलाई लोकतन्त्रको अनुभूति गराउनुका साथै देशको समग्र आर्थिक तथा सामाजिक उन्नतिका लागि पनि लामो समय देखिको भूमिसम्बन्धी समस्या निरूपण हुन आवश्यक छ ।

भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, मुक्त कमैया, कमलरी, हरुवा/चरुवा, हलिया, भूमिहीन, सुकुम्बासी पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्था छ । उनीहरूलाई पुनर्स्थापन गर्ने, भूमिको दिगो उपयोग र कृषियोग्य भूमिमा किसानको अधिकार सुनिश्चित गर्ने समेत संविधानको भावनालाई मूर्त रूप दिन उपलब्ध जमीनको यथोचित व्यवस्थापन आवश्यक छ ।

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ख. को उपदफा (६) बमोजिम नेपाल सरकारबाट भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भएको हो । यस आयोगको समयावधि ३ वर्ष रहेको छ ।

आयोग गठनको निर्णय मिति २०७६/१२/९
राजपत्रमा सूचना प्रकाशित मिति २०७७/१/१
आयोगले कार्यारम्भ गरेको मिति २०७७/१/४

मूल्य/मान्यता

- सरल र मितव्ययी
- नतिजामा जोड
- विधि र प्रक्रियाको पूर्ण पालना
- पारदर्शिता
- जवाफदेहिता
- सत्य र इमानदारिता
- सामाजिक न्याय

उद्देश्य

(१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको वास्तविक लगत तयार गरी अभिलेखीकरण गर्ने ।

(२) आवासविहीन नागरिकका परिवारलाई भूमि उपलब्ध गराई योजनाबद्ध, एकीकृत र सुरक्षित बस्ती निर्माणमा मद्दत गर्ने ।

(३) कृषि कर्ममा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई कृषिका लागि जमीन उपलब्ध गराउने वा स्वामित्व कायम गर्ने ।

(४) भूउपयोग योजना कार्यान्वयनमा सहजीकरण गरी व्यवस्थित बस्ती निर्माण र उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान गर्ने ।

(५) जोखिम क्षेत्रलगायत कानूनले बस्न वा खेती गर्न नहुने भनी तोकेको स्थानमा बसोबास गरेका वास्तविक भूमिहीन परिवारलाई योजनाबद्ध ढङ्गले स्थानान्तरण गर्ने ।

(६) न्यायपूर्ण भू-स्वामित्वको कमीका कारणबाट सिर्जित शोषणमूलक श्रम सम्बन्ध र विभेद अन्त्य गर्ने ।

आयोगको काम, कर्तव्य र अधिकार

आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) भूमिसम्बन्धी समस्या समाधान सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

(ख) भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका लागि आधार र मापदण्ड तोक्ने ।

(ग) भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनका लागि आवश्यक कार्यविधि र ढाँचा तयार गरी स्वीकृत गर्ने ।

(घ) भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम स्थानीय तहमार्फत गर्ने ।

(ङ) नक्सा स्रेस्ता तयार गर्न मालपोत कार्यालय, नापी कार्यालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने वा गराउने ।

(च) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीको जग्गा वर्गीकरण गर्ने ।

(छ) अव्यवस्थित बसोबासीहरूलाई जग्गा उपलब्ध गराए बापत ऐन बमोजिमको दस्तुर लिने ।

(ज) ऐनको दफा ५२ ख. को उपदफा (४) बमोजिमको जग्गा हो वा होइन भन्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहको समन्वयमा एकीन गर्ने वा गराउने ।

(झ) स्थानीय तहबाट भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क प्राप्त भएपछि सोही बमोजिमका भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न कार्यप्रक्रिया शूरु गर्ने ।

(ञ) स्थानीय विशिष्टता समेतका आधारमा शहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(ट) ऐनको दफा ५२ ख. र ५२ ग. बमोजिमको कार्य निर्धारित समयमै सम्पन्न गर्न जिल्लागत रूपमा स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने ।

(ठ) भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गर्ने ।

(ड) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकायसँग कागजात माग गर्न, व्यक्तिलाई झिकाई बुझ्न, कागज गराउन, स्थलगत सरजमीन गर्न वा गराउन सक्ने ।

(ढ) हदबन्दी भन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन प्रयोग गर्ने।

(ण) जग्गा वर्गीकरण गर्दा भूउपयोग ऐन, २०७६ बमोजिम गर्ने वा गराउने ।

(त) नेपाल सरकारले तोकेका अन्य काम गर्ने ।

भूमि सम्बन्धी ऐन (आठौं संशोधन) को दफा ५२ ख. र दफा ५२ ग. मा रहेको व्यवस्था

५२ ख. भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि भूमिहीन सुकुम्बासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा (४) को अधीनमा रही निजहरुले आवाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरि जग्गा उपलब्ध गराउनेछ ।

(२) भूमिहीन सुकुम्बासीलाई तोकिएको क्षेत्रफल भन्दा बढी जग्गा आवाद वा कमोत गरी आएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफल भन्दा बढीको जग्गा यस दफाको अधीनमा रही अन्य भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन वा नेपाल सरकारले अन्य प्रयोजनको लागि उपयोग गर्नेछ ।

(३) यस दफा बमोजिम भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराईएको जग्गा अंशबण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश बर्ष सम्म हस्तानतरण गर्न पाईने छैन र सो अवधि पश्चात समेत त्यस्तो जग्गा स्वामित्वविहीन हुने गरी कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम जग्गा उपलब्ध गराउँदा देहायको जग्गा उपलब्ध गराइने छैनः-

(क) धार्मिक, सास्कृतिक, तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा,

(ख) प्राकृतिक प्रकोप विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा,

(ग) सार्वजनिक जग्गा नदी, खोला वा नहर किनाराको जग्गा , जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा र

(ङ) अन्य तोकिए बमोजिमका स्थानका जग्गा ।

(५) कुनै व्यक्ति वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराइने छैन ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि काठमाण्डौ उपत्यका लगायत भूमिहीन सुकुम्बासीहरुलाई आवश्यकता अनुसार नेपाल सरकारले तोकेअनुसार आवास उपलब्ध गराउन वा सामुदायिक बसोबासको व्यवस्था मिलाउन वा जग्गा विकासको माध्यमबाट जग्गा उपलब्ध गराउन सक्नेछ ।

(५२) ग. अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने :

१. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघि देखि आवाद कमोत गरि आएका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरुले आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ ।

जिल्ला समितिको गठन

आयोगको काम कारवहीलाई सहयोग, समन्यव र सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला समिति रहनेछ :-
(गठन आदेश २०७६ को दफा ८ अनुसार)

(क) नेपाल सरकारले मनोनयन गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल सरकारले मनोनयन गरेको एक
जना विज्ञ सहित दुई जना - सदस्य
(ग) प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालय - सदस्य
(घ) प्रमुख, सदरमुकाम स्थित नापी कार्यालय - सदस्य
(ङ) प्रमुख, भुमिसुधार तथा मालपोत कार्यालय - सदस्य
(च) जिल्ला समन्वय अधिकारी - सदस्य - सचिव

जिल्ला समितिको काम, कर्तव्य र अधिकार

जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोगले प्रत्यायोजित गरेका अधिकारको अधीनमा रही कार्य सम्पादन गर्ने ।
(ख) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश सरकार र जिल्लाभित्रका स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।
(ग) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम दिने ।
(घ) आयोगको कामकारबाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने ।
(ङ) जिल्लाबाट सम्पादन भएका कामकारवाहीको प्रगति विवरण मासिक रुपमा आयोगमा पठाउने ।
(च) भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा

देखिएका समस्या जिल्लास्तरमा समाधान गर्न सकिने भए जिल्ला समितिबाट समाधान गर्ने र समाधान गर्न नसकिने भएमा समस्या समाधानको सम्बन्धमा आवश्यक निकासाको लागि आयोगमा लेखी पठाउने ।

(छ) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहबाट भए गरेका कार्यको नियमित अनुगमन गर्ने ।

(ज) आयोगले तोकेको अन्य काम गर्ने ।

सहजीकरण समिति :

भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन प्रमाणीकरण गर्ने कार्यमा स्थानीय कार्यपालिकालाई सहयोग र सहजीकरण गर्न स्थानीय तहमा देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति रहने छ ।

(क) स्थानीय तहको अध्यक्ष वा प्रमुख -संयोजक

(ख) स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुख –उपसंयोजक

(ग) सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्येबाट एक जना दलित महिला सहित दुई जना महिला – सदस्य

(ङ) संयोजले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक

समाजका कम्तीमा एक जना महिला
सहित २ जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(१) फिल्डमा तथ्यांक संकलन तथा नाप नक्साको काममा वडा समितिलाई सहयोग पुऱ्याउन उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार देहाय बमोजिमको वडास्तरीय भूमी सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्न सक्नेछ।

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा सदस्यहरु - सदस्य

(ग) सम्बन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहका प्रमुख वा अध्यक्षले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तीमा एक जना महिला सहित दुई जना प्रतिनिधि – सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

आयोग गठन हुनु भन्दा अघि विभिन्न समयमा नेपाल सरकारको निर्णय बमोजिम गठन भएका आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्शा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरुको समाधान गर्ने प्रयोजनका लागि गठन हुने आयोगले ती आयोग वा कार्यदलले उल्लिखित समस्या समाधान गर्ने जिम्मेवारी समेत यस आयोगलाई तोकेको हुँदा

उपरोक्त काम कारवाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न जिल्लास्तरमा जिल्ला समिति गठन गरी कार्य गर्ने एवं मालपोत ऐन, २०३४ अनुसार गठन भएका जग्गा दर्ता समितिहरु विघटन हुने भएकोले ती कामहरु समेत आयोगले गर्नेछ ।

अधुरा काम सम्पन्न गर्ने

भूमि सम्बन्धी समस्या समाधान गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, समिति वा कार्यदलबाट बाँकी रहेका काम वा भएका निर्णयको कार्यन्वयन समेत आयोगले गर्नेछ भन्ने व्यवस्था गरेको छ।

कभर फोटो :
कैलाली लम्कीचूहा स्थित भूमिहिन वादी वस्ती


स्थानीय तहको प्रत्येक वडाबाट निबेदन फाराम मार्फत पहिचान र प्रमाणीकरणको लागि आवश्यक तथ्यांक संकलन, अव्यवस्थित बसोबसीको वर्गीकरण सम्बन्धी विवरण संकलन
भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीको पहिचान र प्रमाणीकरण को आधार
आवाद लायक वा बसोवास योग्य ऐलानी जग्गा, पर्ति, नदि उकास लगायतका बसोबास वा खेतियोग्य अन्य सरकारी जग्गा, साबिकको वन क्षेत्र जनिएको भएपनि हाल आवादिमा परिणत भएको जग्गामा बसोवास गर्ने भूमिहीन र अव्यवस्थित बसोबासीको प्रमाणित सूची
धार्मिक सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा, प्राकृतिक प्रकोप, विपद व्यवस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा, सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जोखिमयुक्त जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, रूख विरुवाले ढाकिएकों वन क्षेत्रको जग्गा, सडक सिमाभित्रका जग्गा, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगको लागि आवश्यक जग्गा, कसैको निजि जग्गा ,भूउपयोग क्षेत्र वर्गीकरणमा आवास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गामा बसोबास गर्नेको प्रमाणित सूची
अव्यवस्थित
भूमिहीन
आयोग / जिल्ला समिति
आयोगको अगुवाइमा जग्गाको नाप नक्सा गरी स्थानीय तहबाट लगत प्रमाणीकरण
वितरणको लागि अन्य जग्गाको स्थानीय तहबाट पहिचान र छनौट

नेपाल सरकार
भूमि सम्बन्धी समस्या समाधान आयोग
ताहाचल, काठमाडौँ, नेपाल
ईमेल : www.lirc.gov.np, bhumiaayog@gmail.com
वेवसाइटः info@lirc.gov.np